# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

विद्यालय शिक्षा शाखा

पत्र संख्या: २०८१।८२

चलानी नं.: ४१८

मिति: २०८१।११।४

ने.स. ११४५, आइतवार

विषय: उमेर हद सम्बन्धमा ।

श्री राष्ट्रिय परीक्षा बोर्ड
सानोठिमी, भक्तपुर ।

प्रस्तुत विषयमा शिक्षा नियमावली, २०५९ को नियम ७८ को उपनियम (६) मा भएको व्यवस्था र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (मा.मन्त्रिस्तर) को मिति २०७८।१२।२ को निर्णय बीच सामन्जस्यता नभएका कारण कार्यक्षेत्रमा समस्या उत्पन्न भएकोले यस सम्बन्धमा आवश्यक निर्णय एवम् निर्देशन पाउँ भनी तहाँ बोर्डको पत्र संख्या २०८१।८२ च.नं. ७४१ मिति २०८१।८।२३ र पत्र संख्या २०८१।८२ च.नं. ११४३ मिति २०८१।१०।२१ को पत्रबाट लेखी आएको विषय निर्णयार्थ पेस हुँदा शिक्षा नियमावली, २०५९ को छैठौं संशोधन (२०६७।१०।९ मा) हुँदाको नियम ७८ (६) मा पाँच वर्ष उमेर पूरा नभएकालाई एक कक्षामा भर्ना र जुन सालको परीक्षामा सम्मिलित हुने हो सोही सालको चैत्र मसान्तसम्ममा चौध वर्ष उमेर पूरा नभएकालाई माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा समावेश गरिने छैन भन्ने कानूनी व्यवस्था कायम रहेको सन्दर्भमा तत्कालको माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा शिक्षा ऐनको आठौं संशोधन (२०७३।३।१५) बाट माथि उल्लेख भएको दफा अनुसार कक्षा दशको अन्त्यमा हुने परीक्षाको रुपमा परिणत भएको देखिँदा सोही अनुसार शिक्षा ऐन र नियमावलीको कार्यान्वयन व्यवस्था मिलाउन शिक्षा ऐन २०२८ (संशोधन सहित) को दफा ४ (ज) अनुसार तहाँ बोर्डलाई निर्देशन दिने भनी यस मन्त्रालय माननीय मन्त्रीस्तरको मिति २०८१।१०।२८ मा निर्णय भएकोले निर्णय टिप्पणी पाना थान ८ (आठ) संलग्न राखी निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

रामप्रसाद शर्मा
उपसचिव

फोन नं.:
वेबसाइट: www.moest.gov.np

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

विद्यालय शिक्षा

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ०७८/७९
चलानी नं.:- ३१६

मिति : २०७८/१२/०४

विषय : माध्यमिक शिक्षा परीक्षामा उमेरहद सम्बन्धमा ।

राष्ट्रिय परीक्षा बोर्ड
दर्ता नं. ९१०
दर्ता मिति २०७८/१२/७

श्री राष्ट्रिय परीक्षा बोर्ड
सानोठिमी, भक्तपुर ।

शिक्षा ऐन, २०२८ को दफा २ को खण्ड (घ) र (छ), शिक्षा नियमावली, २०५९ को नियम ७८ को उपनियम (६) र नियम ८२ ले गरेको व्यवस्था समेतका आधारमा पछि नयाँ मापदण्ड बनेपश्चात सोही बमोजिम हुने गरी शैक्षिक सत्र २०७८ देखिको माध्यमिक शिक्षाको कक्षा १० को परीक्षा (S.E.E) मा १४ वर्षको उमेरको थ्रेस होल्ड कायम नगर्ने गरी कार्यान्वयन गर्न शिक्षा ऐन, २०२८ को दफा ४ज. को उपदफा (१) बमोजिम त्यहाँ बोर्डलाई निर्देशन दिने भनी मिति २०७८।१२।०२ मा माननीय मन्त्रीस्तरबाट निर्णय भएकोले निर्णयानुसार अनुरोध गरिन्छ ।

गीता शर्मा
शाखा अधिकृत